2022/6/1

आइची भवन ब्यूरो सार्वजनिक निर्माण विभाग आवास शाखा प्रमुख

सम्पुर्ण निवासीहरु

# बार्षिक आयकरको विवरण पेश गर्ने बारेमा

केन एई ज्यूताकुमा बसोबास गर्नुहुने सम्पुर्ण निवासीहरु,हरेक बर्ष बार्षिक आयकरको विवरण पेश गर्नु पर्ने आवश्यक छ। यो सूचना पत्र पढी, **रेईवा 4 (2022) साल 7 महिना 4 गते (सोमबार) सम्ममा संलग्न कागजपत्र सहित पेश गर्नु** हुन अनुरोध गर्दछौ। तपाईले पेश गर्नु भएको बार्षिक आय विवरण (सम्पुर्ण परिवारको आय) अनुसार, **आर्थिक बर्ष रेईवा 5 (2023) साल (रेईवा 5 (2023) साल4 महिनाबाट रेइवा 6 (2024) साल 3 महिना सम्म)** को कोठा भाडा तय गरि,रेईवा 5 (2023) साल 1 महिनाको पहिलो हप्तामा सूचना पठाईनेछ।

केन एई ज्यूताकुमा भाडा तय गर्ने बेलामा सम्पुर्ण परिवारको एक बर्षको आयले तय गरिने भएकोले, **आय स्रोत भएको व्यक्ति (पेन्सन, आरुबाइतो आदि समाबेश) सबै जनाको आय प्रमाणित गर्ने कागजपत्र (विस्तृत विवरणको लागि तलको तालिका हेर्नुहोस) संलग्न हुनुपर्नेछ।**

बार्षिक आयकरको विवरण पेश गर्नु भएन भने साथै संलग्न कागजपत्र अपुग भएको खण्डमा कृपया, यो कुरामा ध्यान दिनुहोस कि **अर्को साल बाटको कोठा भाडा नजिकको प्राइभेट घर समान (निजी आवास समानको भाडा) हुनेछ।**

साथै, परिवारको सदस्य सबै जनाको आय नभएको भएतापनि **बार्षिक आयकरको विवरण पेश गर्नु पर्ने आवश्यक छ।**

### 1) पेशगर्ने अवधि

## रेईवा 4 (2022) साल 7 महिना 4 गते (सोमबार)

### 2) आयकर विवरण भर्दा ध्यान दिनुपर्ने बुंदाहरु

>> उमेर लेख्दा, रेईवा 4 (2022) साल 10 महिना 1 गते पुरा हुने उमेर लेख्नुहोस।

>> यदि डिपेन्डेन्ट (फुयोउ) को परिवार मध्य छुट्टै बस्ने परिवार पनि हुनुहुन्छ भने, डिपेन्डेन्ट (फुयोउ) व्यक्तिको नाम लेखि, रिमार्कमा छुट्टै बस्ने (BEKKYO FUYOU) भनि लेख्नुहोस। (備考)

>> लक्षित अवधि (रेईवा 3 (2021) साल 1 महिना 1 गते~रेइवा 3 (2021) साल 12 महिना 31 गते) भन्दा पछि काम/जागिर गुमाउनु भई आयमा परिवर्तन आएको खण्डमा पनि, आधिकारिक प्रमाणपत्रमा उल्लेख गरिएको रकम (वार्षिक आय) ले हिसाब गरि भाडा तय हुनेछ।

>> जीविकोपार्जन संरक्षण लाभ प्राप्त गरिरहनु भएको व्यक्तिले आवास सहायता खर्चहरू प्राप्त गर्दै हुनुहुन्छ भने, तपाईलाई संलग्न कागजातहरू आवश्यक पर्दैन। रिमार्कमा जीविकोपार्जन संरक्षण लाभ प्राप्त गर्दै<SEIKATSU HOGO>लेख्नुहोस।」(備考)

### 3) पेश गर्ने तरिका साथै सलग्न गर्नु पर्ने कागजपत्रहरु

＜पेश गर्ने तरिका＞

तल उल्लेखित सम्पुर्ण कागजपत्र फिर्ताको लागि पठाईएको खाममा राखी, टिकट टाँसेर हुलाक मार्फत पठाउनुहोस।कृपया, यो ध्यान दिनुहोस कि यदि तोकिएको रकमको टिकट टाँस्नु भएको छैन भने पठाउनु भए पनि सम्बन्धित ठाँउमा आईपुग्ने छैन।

① आयकर घोषणा पत्र
② आय प्रमाणित गर्ने कागजपत्र (तलको तालिका हेर्नुहोस)
③ यदि शारीरिक, मानशिक तथा बौद्धिक रुपमा अशक्षम व्यक्ति हुनुहुन्छ भने, अशक्षमताको ग्रेड प्रष्ट्याउने पासबुकको कपि

＜**सलग्न कागजपत्रहरु**＞

| वर्गीकरण | आवश्यक कागजपत्र |
|---|---|
| **तलब आय भएको ब्यक्ति** | नगरपालिका कर प्रिफेक्चरल करको विशेष कर सङ्कलन सूचनाको मूल प्रति (गेनसेन च्योस्युहयोले हुदैन) |
| **पेन्सन प्राप्त गरिरहनु भएको ब्यक्ति** | प्राप्त गरिरहनु भएको पेन्सनको सम्पुर्ण गेनसेन च्योस्युहयोको मूल प्रति |
| **आफ्नै ब्यबसाय साथै अन्तिम कर घोषणा गरेको व्यक्ति** | नगरपालिका कर प्रिफेक्चरल करको साधारण कर सङ्कलन सूचनाको मूल प्रति |
| **माथि उल्लेखित आवश्यक कागज पत्र संलग्न गराउन नसक्नु भएको खण्डमा, बसोबास क्षेत्र नजिकको सियाकुस्यो अथवा कुयाकुस्यो बाट निकालिने स्योतोकुस्योउमेइस्यो संलग्न गर्नुहोस।** | |

＜**एक भन्दा बढी आय भएको व्यक्ति**＞

<table>
<tr><td>●तलब आय + पेन्सन रसिद</td><td rowspan="4">तपाईको बसोबास क्षेत्र नजिकको सियाकुस्यो अथवा कुयाकुस्यो बाट निकालिने आय प्रमाणपत्र (स्योतोकुस्योउमेइस्यो) (स-शुल्क)</td></tr>
<tr><td>●अन्तिम कर घोषणापत्र +पेन्सन रसिद</td></tr>
<tr><td>●तलब आय + अन्तिम कर घोषणापत्र</td></tr>
<tr><td>●तलब आय + अन्तिम कर घोषणापत्र + पेन्सन रसिद</td></tr>
</table>

※एकपटक पेश गर्नु भएको आय प्रष्ट्याउने कागजपत्र कुनै पनि फिर्ता हुने छैन।
※काम/जागिर परिवर्तन・गुमाउनु भईआयमा परिवर्तन आएको खण्डमा पनि, आधिकारिक प्रमाणपत्रमा उल्लेख गरिएको रकम (वार्षिक आय) ले हिसाब गरि भाडा तय हुनेछ।
※निवासी दर्ता प्रमाणपत्र (ज्युमिन्ह्योउ) अथवा परिवार दर्ताको प्रतिलिपि (कोसेकितोहोन) पेश गर्नु आवश्यक छैन।

**4) आम्दानीमा भएको परिवर्तनको कारण गरिने आवेदनको बारेमा**

आयकर घोषणा गरिसकेपछि आम्दानीमा परिवर्तन (डिपेन्डेन्ट (फुयोउ) परिवारमा घटबढ, पारिवारिक संरचनामा परिवर्तन) आएको खण्डमा त्यसको कारण दर्शाउने आधिकारिक प्रमाणपत्र संलग्न गरि कृपया, प्रत्येक आवास व्यवस्थापन कार्यालय/शाखा कार्यालयमा पठाउनुहोस्। पारिवारिक आयको पुन: परिक्षण पश्चात अन्तमा आएको परिणाम स्वरुप,यदि भाडा परिवर्तन हुन्छ भने, तपाईंलाई『निश्चित भाडा परिवर्तनको सूचना』द्वारा सूचित गरिनेछ।

**5) निर्णित भाडा सम्बन्धि बिचार अथवा निबेदन बारेमा**

रेईवा 5 (2023) साल 1 महिनाको शुरुमा पठाईने आय प्रमाणिकरण पश्चातको निर्णित भाडा (अधिक आय निर्णय) सूचना प्राप्त गर्नु भएपछी, यदि तपाईलाई आवास आपूर्ति कम्पनीले तय गरेको भाडा सम्बन्धि विचार अथवा निबेदन दिनु चाहनु भएमा **सूचना प्राप्त गर्नु भएको दिनबाट 30 दिनभित्रमा सम्पर्क गरि बुझ्न सक्नुहुनेछ।**

**6) आय प्रमाणिकर・भाडा तय साथै अधिक आय निर्णय सूचनाको बारेमा**

बार्षिक आय घोषणा अनुसार आय प्रमाणिकरण गरि, ज्यूताकुको वनावट/क्षेत्रफल स्थान भवन निर्माणको बर्ष आदि ज्यूताकुको सुविधाहरुलाई मध्य नजर राखी रेईवा 5 (2023) साल 1 महिनाको शुरुमा सूचना पठाइनेछ।
साथै, यदि तपाई अधिक आय (Over Income) मा सूचित गरिएको खण्डमा, नजिकको प्राइभेट घर समान भाडा र हालको भाडाको अन्तरलाई अधिक आयमा सूचित गरीए पछिको बर्ष साथै तपाईको आय अनुसार निर्धारित दरले गुणा गरिएको रकम अधिक आय भएको व्यक्तिको भाडा हुनेछ।

7) पेश गर्ने स्थान साथै सम्पर्क स्थान र नम्बर

| | | | |
|---|---|---|---|
| नागोया ओवारि जिल्ला प्रिफेक्चरल आवास | Nagoya Owari Jutaku Kanri Jimusho<br>Nagoya-shi Naka-ku Marunouchi 3-19-30<br>Aichi-ken Jutaku Kyoukyu Kousha Bldg. 5F<br>TEL: (052) 973-1791 | निसी मिखावा जिल्ला प्रिफेक्चरल आवास | Mikawa Jutaku Kanri Jimusho<br>Okazaki-shi Myoudaiji Hon-machi 1-4<br>Ken Nishi Mikawa Sogo Chousha 5F<br>TEL: (0564) 23-1863 |
| इचिनोमिया जिल्ला प्रिफेक्चरल आवास | Nagoya Owari Jutaku Kanri Jimusho<br>Ichinomiya Shisho<br>Ichinomiya-shi Imaise-cho Hon-kanbe Tatekiri 1-4<br>Ken Ichinomiya Kensetsu Jimusho 1F<br>TEL: (0586) 28-5411 | चिर्यु जिल्ला प्रिफेक्चरल आवास | Mikawa Jutaku Kanri Jimusho<br>Chiryu Shisho<br>Chiryu-shi Kamishigehara-cho Zoufukuji 124 Ken Chiryu Kensetsu Jimusho Minami kan 1F<br>TEL: (0566) 84-5677 |
| चिता जिल्ला प्रिफेक्चरल आवास | Nagoya Owari Jutaku Kanri Jimusho<br>Chita Shisho<br>Handa-shi Miyamoto-cho 3-217-21<br>Central Bldg. 5F<br>TEL: (0569) 23-2716 | टोयोटा कामो जिल्ला प्रिफेक्चरल आवास | Mikawa Jutaku Kanri Jimusho<br>Toyota Kamo Shisho<br>Toyota-shi Kita-machi 6-3-4<br>Toyota Kouei Jutaku Center<br>TEL: (0565) 34-2001 |
| आमा जिल्ला प्रिफेक्चरल आवास | Nagoya Owari Jutaku Kanri Jimusho<br>Ama Chuzai<br>Tsushima-shi Nishi Yanagihara-cho 1-14<br>Ken Ama Sogo Chousha 5F<br>TEL: (0567) 24-7330 | हिगाशी मिखावा जिल्ला प्रिफेक्चरल आवास | Mikawa Jutaku Kanri Jimusho<br>Higashi Mikawa Shisho<br>Toyohashi-shi Imahashi-cho 6<br>Ken Higashi Mikawa Kensetsu Jimusho 1F<br>TEL: (0532) 53-5616 |

## सम्पर्क स्थान र नम्बर

## सहायता केन्द्र (नेपाली भाषा)

**(7 वटा भाषाको साझा नम्बर)**

## TEL: (052)684-5007

**सोमबार बाट शुक्रबार (9:00 ~ 12:00 - 13:00 ~ 17:00)**

**(नयाँ बर्षको बिदा र सार्वजनिक बिदा बाहेक)**

Aichi-ken Jutaku Kyokyu Kousha